नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(योजना तथा अनुगमन शाखा)

प.सं. २०७८/०७९ (योजना तथा अनुगमन)    चलानी नं. ९२२

मिति २०७८/०९/०२

*विषयः- उपभोक्ता समिति मार्फत कार्यक्रम कार्यान्वयन सम्वन्धमा ।*

श्री स्थानीय तह (सबै) |

प्रस्तुत विषयमा स्थानीय तहको बार्षिक बजेट तथा कार्यक्रममा समाबेश भएका कार्यक्रम तथा आयोजना स्थानीय उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने गराउने सम्बन्धमा अन्यौलता उत्पन्न भएको भनि कतिपय स्थानीय तह मार्फत मन्त्रालयमा मौखिक सोधनी हुने गरेको छ | सार्बजनिक खरिद ऐन, २०६३ को दफा ४४ र सार्बजनिक खरिद नियमावलीको नियम ९७ को उपनियम १ देखि १५ सम्म उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउने सम्बन्धी ब्यबस्था रहेको छ। उपभोक्ता समिति परिचालन सम्बन्धमा प्रचलित कानूनमा भएको व्यवस्था तथा स्थानीय तहको ब्यबहारिक पक्ष समेतलाई ध्यानमा राखी उपयुक्त ब्यबस्था सहितको सुझाब प्रतिबेदन तयार गरी पेश गर्न यस मन्त्रालयका योजना तथा विकास सहायता समन्वय महाशाखा प्रमुखको संयोजकत्वमा एक कार्यदल गठन भएको छ | उक्त कार्यदलले आफ्नो सुझाब सहितको प्रतिबेदन पेश गरी यस मन्त्रालयवाट अन्य ब्यबस्था नभएसम्मको लागि सबै स्थानीय तहले प्रचलित कानून बमोजिम उपभोक्ता समितिमार्फत कार्यसम्पादन गर्ने ब्यबस्था मिलाउनुहुन मिति २०७८/०९/०२ को सचिबस्तरीय निर्णयानुसार अनुरोध छ |

०९/०२

(गोविन्द के.सी.)
शाखा अधिकृत